कोशी प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

# शिक्षा विकास निर्देशनालय

धनकुटा, नेपाल

पत्र संख्याः-२०८२/०८३

चलानी नम्बरः-

मितिः-२०८२/०७ /१६

ने.सः-११४६,कछलाथ्व, एकादशी ,आइतबार

**विषयः माध्यमिक तहमा स्थायी नियुक्तिका लागि जिल्ला रोज्ने सम्बन्धी सूचना।**

शिक्षक सेवा आयोग,सानोठिमी भक्तपुरको च.न.१५९ मिति २०८२/०७/११ को सिफारिस पत्रानुसार उक्त आयोगबाट प्रकाशित माध्यमिक तह, तृतीय श्रेणी शिक्षक पदको खुला प्रतियोगितात्मक परीक्षाको विज्ञापन अनुसार स्थायी नियुक्तिका लागि सिफारिस भएका उमेदवारहरुको नियुक्ति तथा पदस्थापनाका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी, भक्तपुरको प.स. ०८२/८३ शि.व्य. च.न. ४५ मिति २०८२/०७/१४ को पत्रसाथ निम्नानुसारको जिल्लागत र विषयगत पद सङ्ख्याको विवरण प्राप्त हुन आएकोले कोशी प्रदेशअन्तर्गत माध्यमिक तहमा स्थायी नियुक्तिका लागि सिफारिस भएका उमेदवारहरुले मिति २०८२/०७/२२ गतेभित्र नेपाली नागरिकता, प्रवेश-पत्र र अपाङ्गताको हकमा क, ख र ग वर्गको अपाङ्गताको परिचय पत्रको प्रतिलिपि संलग्न गरी तोकिएको जिल्ला छनौट फाराम स्वयमले भरी सहिछाप गरेर यस निर्देशनालयको इमेल ठेगाना **reddkt@gmail.com** मा पठाउनु हुन वा उमेदवार स्वयम यस निर्देशनालयमा उपस्थित भई जिल्ला छनौटको निवेदन पेश गर्न सम्वन्धित उमेदवारहरुलाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।तोकिएको म्यादभित्र निवेदन पेश नगर्ने उमेदवारहरुको हकमा सम्बन्धित विषयको रिक्त पद रहेको बाँकी जिल्लामा नियुक्तिका लागि सिफारिस गरी पठाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| क्रस. | जिल्ला | विषय | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | नेपाली | अंग्रेजी | गणित | विज्ञान | सामाजिक | अर्थशास्त्र | संस्कृत व्याकरण | लेखा |
| | | रिक्त पद | रिक्त पद | रिक्त पद | रिक्त पद | रिक्त पद | रिक्त पद | रिक्त पद | रिक्त पद |
| १ | ताप्लेजुङ | ३ | ४ | ३ | ० | ५ | ० | ० | ० |
| २ | पाँचथर | ० | २ | २ | ३ | १ | ० | ० | ० |
| ३ | इलाम | ० | १ | ० | ३ | ० | ० | ० | ० |
| ४ | संखुवासभा | ५ | २ | १ | ३ | ० | १ | ० | ० |
| ५ | तेह्रथुम | २ | २ | ४ | ६ | ० | ० | ० | १ |
| ६ | धनकुटा | १ | २ | १ | २ | ० | ० | ० | ० |
| ७ | भोजपुर | २ | ६ | २ | २ | ३ | ० | ० | २ |
| ८ | खोटाङ | १ | २ | १ | ३ | ० | ० | ० | ० |
| ९ | सोलुखुम्बु | ० | १ | २ | ० | ३ | ० | ० | ० |
| १० | ओखलढुंगा | ० | ० | १ | ३ | ० | ० | ० | ० |
| ११ | उदयपुर | १ | ० | ४ | ३ | १ | ० | ० | ० |
| १२ | झापा | १ | २ | १ | १ | ० | ० | १ | ० |
| १३ | मोरङ | ३ | ७ | ३ | २ | १ | ० | ० | ० |
| १४ | सुनसरी | ० | १ | २ | १ | ३ | ० | ० | ० |
| रिक्त जम्मा | | १९ | ३२ | २७ | ३२ | १७ | १ | १ | ३ |

नोटः निवेदनको ढाँचा यसै पत्रसाथ संलग्न रहेको छ।

सम्पर्क व्यक्तिः दीपक श्रेष्ठ, मोवाइल नं ९८४२०६१७८८ र पुरुषोत्तम काफ्ले मो.नं. ९८४२२४८३५४

(सूर्यराज घिमिरे)

**नि. निर्देशक**

फोन नं. ०२६-५२२२२०

ईमेलः- reddkt@gmail.com

वेबसाइटः-www.edd.koshi.gov.np

*"कोशीको गौरव हिमालको शान, पर्यटन वर्षमा सबैलाई सम्मान"*

निवेदनको नमूना

मिति:..............................

फोटो

श्रीमान् निर्देशकज्यू
शिक्षा विकास निर्देशनालय
कोशी प्रदेश, धनकुटा।

विषय: जिल्ला छनौट सम्बन्धमा।

प्रस्तुत विषयमा शिक्षक सेवा आयोग, सानोठिमी भक्तपुरको आव २०८१/८२ मा प्रकाशित माध्यमिक तह तृतीय श्रेणी स्थायी शिक्षक पद............. ................................ विषयको विज्ञापनमा लिखित र अन्तर्वार्तामा सफल भई स्थायी नियुक्तिका लागि सिफारिस भएको एकीकृत योग्यताक्रम सूची.............को उम्मेद्वार म ........................................................ लाई देहायको प्राथमिकता अनुसार जिल्ला छनौट गरी नियुक्ति पदस्थापनाका लागि सिफारिस गरिदिन हुन अनुरोध गर्दछु।

प्राथमिकता क्रम अनुसारका जिल्लाहरू

| प्राथमिकता क्रम | जिल्ला | प्राथमिकता क्रम | जिल्ला |
|---|---|---|---|
| १ | | २ | |
| ३ | | ४ | |
| ५ | | ६ | |
| ७ | | ८ | |
| ९ | | १० | |
| ११ | | १२ | |
| १३ | | १४ | |

पुनश्चः मैले रोजेका जिल्लाहरूमा योग्यताक्रमानुसार सिफारिस हुन नसकेमा रिक्त रहेका बाँकी जुनसकै जिल्लामा सिफारिस गरी पठाएमा मेरो मञ्जुरी छ ।

संलग्न कागजातहरू

१. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
२. प्रवेश पत्रको प्रतिलिपि
३. अपाङ्गताको हकमा सोको परिचय पत्रको प्रतिलिपि (अपाङ्गताको श्रेणी क,ख र ग को लागि मात्र)

| रेखात्मक दस्तखत | |
|---|---|
| दाँया | बाँया |
| | |

निवेदकको

नाम,थर:...............................

विषय............................

रो.नं...............................

अपाङ्गता भए श्रेणी खुलाउने : ....................

सम्पर्क नम्वर .......................

दस्तखत................................

मिति................................